**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १६ मार्च २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- मुख्यमन्त्री ममता ब्यानर्जी भोली हुगली स्थित फुरफरा शरिफ दरगाहको भ्रमण गर्नुहुनेछ।
- पश्चिम बंगालमा कतिपय ठाउँमा डुब्लीकेट अथवा एउटै व्यक्ति, एउटै नम्बरको दुइवटा भोटर कार्ड मामिला प्रकाशमा आए पछि चुनाव आयोगले दिल्लीमा १८ मार्चको दिन बैठक गर्नेछ।
- कालेबुङ जिल्ला अधिकारीको पहलमा शुरू गरिएको कालेबुङ रिड्सको चौथो संस्करण पुस्तक पढौं पाठक बनौं संस्करण सफलताका साथ सम्पन्न।
- फिल्म निदेशक, निर्माता र अभिनेता अनुराग बसु र जीटीए प्रमुख अनित थापा बीच बैठक दार्जीलिङ फिल्म सुटिंगबारे छलफल।
- दक्षिण बंगालका केही भागमा लू चल्ने अनुमान। अर्कोतिर पहाड़मा जाड़ो घटेको छैन।

**ममता ब्यनर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जी भोलि हुगली जिल्लाको फुरफुरा शरिफ जानु हुनेछ। त्यहाँ उहाँले फुरफुरा शरिफको पिरजादा त्वाहा सिद्दीकीसित बैठक गर्नु हुनेछ। सम्भवतः फुरफुराको विकासमाथि पनि चर्चा गरिने छ। मुख्यमन्त्रीले रमजानको महिनामा पवित्र दरगाहको भ्रमण पनि गर्नु हुनेछ। मुख्यमन्त्रीले राज्य सरकारले फुरफुरा शरिफमा शुरु गरेको विकास कार्यको प्रगतिको समीक्षा पनि गर्नु हुनेछ।

**चुनाव आयोग- भोटर कार्ड बैठक**

पश्चिम बंगालका केही भागहरूमा एउटै मानिसको एउटै भोटर कार्ड संख्या भएको दुइ-दुइ ठाँउमा भोटर कार्ड भेटिएको मामिला राज्यको टी.एम.सी पार्टी तथा ममता सरकारले कड़ा आपत्ति जनाए पछि आगामी मंगलबार १८ मार्चको दिन भारतको चुनाव आयोगले दिल्लीमा एउटा बैठक डाकेको छ। मुख्य चुनाव आयुक्त ज्ञानेश कुमारले डाकेको यस बैठकमा भोटर कार्डलाई आधारसँग जोड़ले विषयमाथि छलफल गरिने छ। यसो हुदा एउटा व्यक्तिको एक भन्दा बढ़ी भोटर कार्ड रहेको खण्डमा केवल एउटै ठाउँमा भोट हाल्न सक्छ तथा फर्जी मतदान माथि रोक लाग्नेछ। यस बैठकमा चुनाव आयुक्तहरू, केन्द्रीय गृह सचिव, विधायिका विभाग सचिव, भारतीय विशिष्ट पहिचान प्राधिकरण- यू.आई.डी.आई.ए-का सी.ई.ओ उपस्थित रहने छन्। मतदाता तथा मतदान प्रक्रियामा थप सुधारका लागि चुनाव आयोगले विभिन्न राजनीतिक दलहरू तथा राज्यका प्रदेश र जिल्ला स्तरीय आफना अधिकारीहरूसित ३० अप्रेलसम्ममा सुझावहरू मागेको छ।

**मालदह खाद्य सुरक्षा प्रयोगशाला**

कोलकाता र सिलगढ़ी पश्चात अब मालदहमा खाद्य नमूनाहरूको जाँचको लागि खाद्य सुरक्षा प्रयोगशाला स्थापना गरिनेछ। राज्यमा कोलकाता अनि सिलगढ़ीमा मात्र खाद्य सुरक्षा प्रयोगशाला रहेको छ भने अब मालदह जिल्लामा तेस्रो खाद्य सुरक्षा प्रयोगशाला निर्माण गरिने छ। खाद्य सुरक्षा विभागका अधिकारीहरूले प्राय जसो मालदह र छिमेकी जिल्लाहरूका होटल, रेस्तराँ वा खाद्य पसलहरूमा छापामारी गर्दै आइरहेका छन्। यस्तो स्थितिमा खाद्य पदार्थहरूको नमूनालाई परीक्षणको लागि प्रयोगशालाहरूमा पठाइने गरिए तापनि रिपोर्ट धेरै ढिलो आउने गरेको बताइएको छ। जिल्लामा नयाँ प्रयोगशाला निर्माण भए अब खाद्य नमूनाहरूको जाँच शीघ्र गर्न सकिनेछ। जसलाई राज्य सरकारले स्वीकृति दिइसकेको छ। मालदहका जिल्लाधिकारी नितिन सिंघानियाले जिल्लामा खाद्य सुरक्षा प्रयोगशाला स्थापना गरिने पुष्टि गरेका छन्।

**कालेबुङ रिड्स**

कालेबुङ रिड्सको चौथो संस्करण आज कालेबुङको चिल्ड्रेन पार्कमा सफलतापूर्वक सम्पन्न भयो। यो अभियान कालेबुङ जिल्लापाल बालासुब्रमण्यम टी. को पहलमा शुरू गरिएको हो जसको मुख्य उद्देश्य पुस्तक पढ्नु मात्र होइन पाठक

बन्नु हो भन्ने रहेको छ। यस कार्यक्रममा विभिन्न पाठक तथा पुस्तकप्रेमीहरू एकत्रित भई शान्त तथा उत्साहजनक वातावरणमा सहभागी भए।

**अनित थापा-अनुराग बसु**

गोरखाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले आज चर्चित भारतीय फिल्म निर्देशक, पटकथा लेखक, अभिनेता तथा निर्माता अनुराग बसुसँग भेटवार्ता गर्नु भयो। सामाजिक संजालमा एक पोस्ट मार्फत श्री थापाले भन्नु भयो अनुराग बसु आफ्नो आगामी फिल्मको छायांकनका लागि उपयुक्त स्थान खोज्न दार्जीलिङ आएका हुन्।

**मिरिक रनर्स इनिशिएटिभ**

मिरिक रनर्स इनिशिएटिभले आफ्नो दोस्रो स्थापना दिवस मिरिक डे सेन्टरमा उल्लासका साथ मनाएको छ। कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष कृष्ण तामाङले गरेका थिए भने कार्यक्रममा नगरपालिका अध्यक्ष एल.बी. राई लगायत अन्य विशिष्ट व्यक्तित्वहरूको उपस्थिति थियो। यस कार्यक्रममा भोइस अफ मिरिकका निर्देशक यवन गुरुङ, मिरिकको सेरोफेरोका निर्देशक बिशन राई, म्याराथन धावक अनुधा तामाङ तथा सिक्किमका ग्रिन रनर्स इनिशिएटिभका सदस्यहरूलाई सम्मान गरिएको थियो। संस्थाका सदस्य दीप राज राईले दौड र फिटनेसको महत्त्वबारे जानकारी दिनु भयो। उहाँले मानिसहरुलाई स्वस्थ जीवन शैलीतर्फ प्रेरित गर्ने संस्थाको उद्देश्य रहेको बताउनु भयो।

**पुष्प प्रदर्शनी**

मिरिकमा जारी पुष्प प्रदर्शनीको अन्तिम दिन आज सिक्किम पाक्योङ एनआरसीओका निर्देशक डाक्टर शंङ्कर प्रसाद दास उपस्थित रहेर मिरिकमा उत्पादित सिम्बोडियम अर्किड अनि मौसमी फूलहरूको प्रशंसा गर्नु भयो। उहाँले दार्जिलिङ पहाडमा राम्रो फूल खेती भए पनि यहाँका फूल उत्पादकहरूलाई सरकारले भने जस्तो सहयोग प्रदान नगरेको बताउनु भयो।

**खरसाङ नगरपालिका**

खरसाङ नगरपालिकाले नगरवासीहरूको समस्या पहिचान गर्दै समाधान गर्ने उद्देश्यले हिजो डुमराममा एक भलाकुसारी कार्यक्रम आयोजना गरेको छ। नगरपालिका उपाध्यक्ष सुभाष प्रधान तथा उहाँको टोलीको पहलमा आयोजित यस कार्यक्रममा वार्डवासीहरूको असुविधा, गुनासो तथा सुझावहरू संकलन गरिएको थियो। कार्यक्रममा नगरपालिकाले वार्ड स्तरमै समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्दै, वार्ड कमिटीको भूमिकालाई अझ प्रभावकारी बनाउने विषयमा छलफल गरेको छ।

**मेडिकल क्याम्प**

कालेबुङ एनजीओ नेटवर्क अनि दार्जीलिङ नर्थ पोइन्ट स्कुल एलुम्नाई एसोसिएसनको संयुक्त आयोजनामा आज एकदिने मेघा मेडिकल हेल्थ क्याम्प सम्पन्न भएको छ। यो क्याम्प मल्लीको खेलमैदानस्थित सार्वजनिक भवनमा आयोजना गरिएको थियो। यस मेडिकल क्याम्पको मुख्य उद्देश्य रम्फुदेखि २७ माइल–बाङगेसम्म लगायत सम्पूर्ण हाइवेवासीलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउनु रहेको जनाइएको छ। मेडिकल क्याम्पमा दार्जीलिङ र कालेबुङका १२ जना अनुभवी डाक्टरहरू उपस्थित थिए। क्याम्पमा निःशुल्क स्वास्थ्य परीक्षण तथा परामर्श लगायत मेडिकल सुविधाहरू प्रदान गरिएको थियो। सर्वसाधारणको सुविधालाई ध्यानमा राख्दै रम्फु र २७ माइलबाट शिविर स्थलसम्म दुईवटा निःशुल्क बस सेवा उपलब्ध गराइएको थियो।

**पश्चिम बंगाल – गर्मी**

मौसम विभागले आगामी दुइ दिनसम्म पश्चिम बंगालमा पश्चिम मेदिनीपुर, पश्चिम वर्धमान, पुरुलिया, बांकुरा र झारग्राम जिल्लाहरूमा भिषण गर्मी हुने पूर्वानुमान गरेको छ। तापक्रम ४० डिग्री सेल्सियससम्म पुग्न सक्छ। अर्कोतर्फ दक्षिण बंगालका

अन्य जिल्लाहरूमा तापक्रम ३७ डिग्री सेल्सियसको आसपास रहनेछ जुन सामान्यभन्दा ३ देखि ४ डिग्री सेल्सियस अधिक हो। मौसम विभागले २० र २१ मार्चमा दक्षिण बंगालका केही जिल्लाहरूमा वर्षा हुने पूर्वानुमान गरेको छ। अर्कोतिर पहाड़मा जाड़ो घटेको छैन।

## डिप्टी मेयर कार हमला

सिलीगुड़ी नगर निगमका उपमेयर रंजन सरकार माथि हिज शनिवार राती हमला भएको छ। यस घटनामा दुई व्यक्तिलाई पक्राऊ गरिएको छ।

****** ० ******